**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय बर्दघाट, नवलपरासी (ब.सु. पश्चिम) का तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०३/२६ गते शुक्रबारको बुटवल टुडे राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धित शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय बर्दघाट, नवलपरासी (ब.सु. पश्चिम)मा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०५/०५ गते शुक्रबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय बर्दघाट, नवलपरासी (ब.सु. पश्चिम)मा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ अर्न्तगत मिति २०७५/१२/२१ मा दर्ता नं. २१२४४७/०७५/०७६ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यालय बुटवलबाट मिति २०७५/१२/२१ मा दर्ता भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६८५६३६० को प्रमाणपत्र प्राप्त **पञ्चरत्न पाइप प्रोडक्ट्स प्रा.लि.** ।

कम्पनीको ठेगाना : नवलपरासी पश्चिम जिल्ला बर्दघाट न.पा. वडा नं. ५ (साविक नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. ५) ।

**ऋणी :** नेपाल सरकार, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ अर्न्तगत मिति २०७५/१२/२१ मा दर्ता नं. २१२४४७/०७५/०७६ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यालय बुटवलबाट मिति २०७५/१२/२१ मा दर्ता भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६८५६३६० को प्रमाणपत्र **प्राप्त पञ्चरत्न पाइप प्रोडक्ट्स प्रा.लि.** ।
कम्पनीको ठेगाना : नवलपरासी पश्चिम जिल्ला बर्दघाट न.पा. वडा नं. ५ (साविक नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. ५) ।

**सञ्चालक तथा जमानतकर्ता :**
**गणेश प्रसाद पाठक**
(ना.प्र.नं. ४६००१, जारी मिति २०५५/०४/१९ जारी गर्ने कार्यालय जि.प्र.का. स्याङजा) ।
स्थाई ठेगाना : स्याङजा जिल्ला गल्याङ न.पा. वडा नं. २
(साविक जगत्रदेवी गा.वि.स. वडा नं. ८) ।
हालको ठेगाना : नवलपरासी पश्चिम जिल्ला बर्दघाट न.पा. वडा नं. ४ ।
बाबु : श्याम प्रसाद पाठक ।
बाज : हरि लाल पाठक ।

**सञ्चालक संचालक जमानतकर्ता : नेत्र प्रसाद पन्त**
(ना.प्र.नं. १०६४, जारी मिति २०४९/०८/१६, जारी गर्ने कार्यालय जि.प्र.का. गुल्मी) ।
स्थाई ठेगाना : गुल्मी जिल्ला छत्रकोट गा.पा. वडा नं. ३ (साविक हर्दिनेटा गा.वि.स. वडा नं. ९) ।
हालको ठेगाना : नवलपरासी पश्चिम जिल्ला बर्दघाट न.पा. वडा नं. ४ ।
बाबु : ठाकुर प्रसाद पन्थ । बाजे : गंगाधर पन्थ ।

**जमानतकर्ता : बिमला गौतम** (ना.प्र.नं. ४५६०९, जारी मिति २०६१/०८/०७, जारी गर्ने कार्यालय जि.प्र.का. गुल्मी) । ठेगाना : गुल्मी जिल्ला गुल्मीदरबार गा.पा. वडा नं. २
(साविक जुभुङ्ग गा.वि.स. वडा नं. ७) ।
बाबु : माधव प्रसाद गौतम ।
पति : गणेश प्रसाद पाठक ।
ससुरा : श्याम प्रसाद पाठक ।

**जमानतकर्ता : कृष्ण प्रसाद पाण्डे**
(ना.प्र.नं. ४९७१३, जारी मिति २०५५/१२/२३, जारी गर्ने कार्यालय जि.प्र.का. नवलपरासी) ।
ठेगाना : नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. ५ (साविक माकर गा.वि.स. वडा नं. ५) ।
बाबु : लोकनाथ पाण्डे
बाजे : पुरुषोतम पाण्डे ।

**जमानतकर्ता : डिला कुमारी पन्थ** (ना.प्र.नं. ५७५३, जारी मिति २०५३/०३/१०, जारी गर्ने कार्यालय जि.प्र.का. गुल्मी) । स्थाई ठेगाना : गुल्मी जिल्ला छत्रकोट गा.पा. वडा नं. ३ (साविक हर्दिनेटा गा.वि.स वडा नं. ९) । हालको ठेगाना : नवलपरासी पश्चिम जिल्ला बर्दघाट न.पा. वडा नं. ४ ।
बाबु : रघुनाथ ज्ञवाली ।
पति : नेत्र प्रसाद पन्त । ससुरा : ठाकुर प्रसाद पन्थ ।

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. **पञ्चरत्न पाईप प्रोडक्ट्स प्रा.लि.**को नाममा मालपोत कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिममा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला माकर गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ५ख, स्थित कित्ता नं. १०२, ११७ र २०७, क्षेत्रफल ०-५-०-०, ०-३-०-० र ०-६-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .............१

२. डिला कुमारी पन्थको नाममा मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला माकर गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ४घ, स्थित कित्ता नं. १६१३ र ३७१८ क्षेत्रफल ०-०-१५ र ०-०-६.५ (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...........१

३. ऋणी **पञ्चरत्न पाईप प्रोडक्ट्स प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु स्टक्स, मेसिन तथा पाटपुर्जा उपर हाइपोथिकेसन सुरक्षण ...........१

**४. धितो सुरक्षण वापत रहेको सवारी साधनको विवरण :**

प्रभु बैंक लि. ऋणी पञ्चरत्न पाईप प्रोडक्ट्स प्रा.लि. भई लुम्बीनी अञ्चल यातायात व्यबस्था कार्यालय बुटवलमा रुपन्देहीमा दर्ता भएको, ईन्जिन नं. 4SPCR10BZX605965 र च्यासिस नं. MAT464602LSR02168 बनाउने कम्पनी XENON YODHA बनेको साल २०२०, सवारी नं. लु. ३ च. २८९ को पिकअप ......१

**नोट :** धितो वापत यस बैंकको नाममा रहेको माथि उल्लेखित सवारी साधन यस बैंकलाई बुझाउनु हुनसमेत ऋणी तथा जमानतकर्ताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट** प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x37